# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## विस्तृत कार्यान्वयन योजना (२०८१)

अवधिः २०८१/८२ देखि २०८५/८६

# खाँडाचक्र नगरपालिका

## मान्मा, कालिकोट कर्णाली

## दुई शव्द

कमल बहादुर शाही

नगरप्रमूख

खाँडाचक्र नगरपालिका, कालिकोट

## Contents


१. पृष्ठभूमि ........ 4

१. १. अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रावधान ........ 4

१.२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित मानव अधिकारका सिद्धान्तहरू ........ 8

१. ३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिमा भएका प्रावधान र स्थानीय तहबाट समेट्न पर्ने थप विषयहरू ........ 9

१. ४. सोहौं योजनाको प्रावधान ........ 9

२. कार्य योजनाको आवश्यकता, उदेश्य, बिधि र प्रकृया ........ 11

३. सरोकारवालाको नक्साङ्कन ........ 13

४. स्थानीय सरकारको बजेट बिनियोजनको प्रक्रिया र आधार ........ 15

५. स्थानीय सरकारको लैंससास कार्यान्वयन कार्य योजना र वार्षिक योजनाको सम्बन्ध र अवस्था ........ 16

६. विस्तृत कार्य योजना अनुगमन संयन्त्र तथा प्रक्रिया ........ 17

७. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति विस्तृत कार्यान्वयन योजना ........ 19

# १. पृष्ठभूमि

खाँडाचक्र नगरपालिका कालिकोट जिल्लाको सदरमुकाममा रहेको नगरपालिका हो। नेपाल संघिय संरचनामा गएपछि साबिक मान्म, पाँखा, दाँहा गा.वि.स. तथा वदालकोट गा.वि.स.को वडा नं . १, २ र ३ र भर्ता गा.वि.स.को वडा नं ८ समावेश गरी २०७३ मा हालको खाँडाचक्र नगरपालिका घोषणा भएको हो। खाँडाचक्र नगरपालिकामा ११ वडा रहेकाछन्। यस नगरपालिकाको जम्मा क्षेत्रफल १३३.१९ वर्ग कि.मी. रहेको छ ।

२०७८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २२,२७४[1] रहेको छ। यस नगरपालिकामा महिला र पुरूषको जनसंख्याको अनुपात बराबर जस्तै रहेको छ । नगरपालिकामा २० वर्ष भित्रै प्रथम पटक विवाह गर्ने जनसंख्या ७२% रहेकोछ । त्यसमा पनि महिलाको मात्र हेर्दा ८३% रहेको छ।

यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या २.६% रहेको छ, जो नेपालको औसत भन्दा बढी तर कर्णाली प्रदेशको भन्दा कम हो । यस नगरमा अचल सम्पति खासगरि घरजग्गामा स्वमित्व हुने महिलाहरु ७.५७% रहेका छन्। यो नेपालको औसत (२३.८%) भन्दा निकै कम हो । यसैगरी नगरपालिका साक्षरता दर ७४% रहेको छ, जुन कर्णाली प्रदेश र राष्ट्रिय औसत कम हो । तर महिलाको साक्षरता दर ६९.९ मात्र रहेकोछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री एवं सहभागीतामूलक विकास निर्माण एवं सेवा प्रवाह गरी समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार तथा व्यवहारमा परिवर्तन ल्याई लैंङ्गिक तथा जातीय भेदभाव मुक्त समतामूलक, स्वस्थ्य तथा समुन्नत नगरको निर्माण गर्न खाँडाचक्र नगरपालिकाले आवश्यक नीति, ऐन र रणनीतिक योजना बनाउन नगरपालिकाले अग्रसरता लिई सकेकोछ । यसलाई अगाडि बढाउन लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीतिक योजना बनिसकेको छ । खाँडाचक्र नगरपालिकाले आफ्नो रणनीतिलाई कार्यान्वयन सहजीकरण गर्ने उदेश्यले यो लैससास रणनीति विस्तृत कार्यान्वयन योजना तयार गरेको हो ।

## १.१. अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रावधान

संयुक्त राष्ट्रसंघले मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई सदस्य राष्ट्रहरूमा परिपालना गराउँदै विभेद रहित, न्यायपूर्ण र समतामूलक शासन पद्धति विकास गराउन समय समयमा विभिन्न घोषणा तथा महासन्धिहरु पारित गरेको छ । यिनीहरूमा सबै किसिमका जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि १९७९, बाल अधिकार सम्बन्धी महासन्धि १९८९, द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र १९७४, महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी

[1] राष्ट्रिय जनगणना २०७८

घोषणापत्र १९९३, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि न. १६९, समान कामका लागि समान पारिश्रमिक सम्बन्धी महासन्धि १९५१ (आईएलओ महासन्धि १००) र रोजगार तथा व्यवसायमा हुने विभेद सम्बन्धी महासन्धि १९५८ १९५८ (आईएलओ महासन्धि १११), अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट जारी हिंसा र दुर्व्यवहार सम्बन्धी महासन्धि, २०१९ (सि १९०), लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसंग बढी सम्बन्धित छन् ।खासगरी जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ ले कानूनका नजरमा सबै समान रहेको र जात, रंग वा धर्मका आधारमा कसैलाई विभेद गर्न नपाइने कुरा स्पष्ट पारेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने महासन्धि १९७९ तथा महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र १९९३ ले महिला विरूद्ध गरिने भेदभाव, हिंसा, दुर्व्यवहार अन्त्य गरी महिलाहरूको समानताको हक स्थापना गर्न निर्देशित गर्दछ । महिला अधिकार र लैङ्गिक समानताका लागि बेजिङ्ग प्लाटफर्म कार्ययोजना १९९५ ले मानवताका हिसावले महिलाहरूको समानतालाई अग्रता दिई उनीहरुमा शान्ती स्थापना गर्ने लक्ष्य लिएको छ । त्यसैगरी बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ ले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ।

लैङ्गिक समानता अगाडि बढाउने सन्दर्भमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने महासन्धि १९७९ महत्वपुर्ण रहेको छ । यस महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा महिला र पुरुष बीच वास्तविक समानता कायम गर्ने मुख्य उद्देश्य राखेको छ । महिलाका मानव अधिकारहरु संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तराष्ट्रिय लिखित दस्तावेजको रुपमा यो महासन्धि रहेको छ । यस महासन्धिले महिलाको आर्थिक, सामाजिक, राजनैतिक जीवनको अधिकार, ग्रामीण महिलाहरूको अधिकार, स्वास्थ्य लगायतका अधिकार सुनिश्चित गरेको छ । महासन्धिको कार्यान्वयन र अनुगमन गर्न सन् २०८२ देखि संयुक्त राष्ट्रसंघमा महिला विरुद्ध हुने भेदभाव उन्मूलन समिति रहेको छ, जसले पक्ष राज्यले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष प्रदान गर्ने गर्दछ । समितिले निष्कर्ष सुझावमा पक्ष राज्यमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमि कमजोरी तथा अभावहरुलाई औंल्याउने, तथा महासन्धि अन्तर्गतको दायित्वहरु पालन गर्न आवश्यक सुझावहरु दिने काम गर्दछ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा हासिल गर्ने गरी घोषणा गरेको दिगो विकासका १७ वटा लक्ष्यहरू तथा १६९ सहायक लक्ष्यहरुमध्ये लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउनेसंग सम्वन्धित छ । यसका सहायक लक्ष्यहरूले महिला तथा किशोरीहरू बिरुद्ध हुने सबै प्रकारका विभेद, बेचबिखन, यौन शोषण, हिंसा, बाल विवाह अन्त्य गर्ने, सार्वजनिक सेवा तथा घर परिवारमा साझा जिम्मेवारी प्रवर्धन गर्ने, घरयासी कामको आर्थिक गणना गर्ने, राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको प्रभावकारी नेतृत्व र सहभागिता हुनुपर्ने कुराहरू सहायक लक्ष्यको रूपमा निर्धारण गरेको छ ।

संयुक्त राष्ट्रसंघबाट पारित मानव अधिकार, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित महासन्धिहरू, घोषणाहरू र दिगो विकास लक्ष्यले लिएका उदेश्यहरू हासिल गर्न नेपालले आफ्ना प्रयासको थालनी गरिसकेको छ। नेपालले सबै किसिमका जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तरष्ट्रिय महासन्धि ३० जनवरी १९७१, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि (सिड) लाई २२ अप्रिल १९९१, बाल अधिकार सम्बन्धी महासन्धि १४ सेप्टेम्बर १९९०, र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि ७ मई २०१० मा अनुमोदन गरी तिनीहरूको कार्यान्वयनका लागि आवश्यक आधारहरू तयार गर्दै आएको छ। यसको लागि नेपालको संविधान, नीति, कानून तथा रणनीतिहरू अग्रगामी बनाउदै लैङ्गिक समानता तथा सामाजिक समावेशी समाज बनाउन आधार तयार गरिएको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनाले नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसात गरी विविधताका बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिस्चत गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ । नेपालको संविधानको धारा १८ ले समानताको हक, धारा २४ ले छुवाछुत विरुद्धको हक, धारा ३८ ले महिलाको हक, धारा ३९ ले बालबालिकको हक र धारा ४० ले दलितको हक सम्बन्धी व्यवस्था गरेको छ । धारा ३८ ले महिलालाई लैङ्गिक भेदभाव रहित समान वंशीय हक, सुरक्षित मतृत्व र प्रजननको हक, समानुपातिक सहभागिताको हक, सेवा तथा अवसरहरुमा सकारात्मक विभेद, सम्पति तथा परिवारमा समान दम्पती हकको व्यवस्था गरेको छ ।

संविधानका यी हकहरूको संरक्षण तथा अन्तराष्ट्रिय महासन्धिहरूका प्रावधानहरूसंग तादम्यता राख्दै लैङ्गिक समानता र सामाजिक हिसाबले समावेशी समाज बनाउन नेपालमा आवश्यक नीति, कानून र रणनीतिहरू बनाई कार्यान्वयन थालिएको छ ।

नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ जारी गरी लैङ्गिक समानता र सामाजिक समावेशीरणलाई राष्ट्रिय स्तरमा समान रुपले अगाडि बढाउने मार्ग प्रसस्त गरेको छ । उक्त नीतिलाई कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालयले[2] लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति २०२१ तयार गरी स्थानीयकरणलाई अगाडि बढाएको छ। बालबालिकाहरूको अधिकारलाई व्यवस्थित र संरक्षित गर्न नेपाल सरकारले राष्ट्रिय बालबालिका नीति २०८० जारी गरिसकेको छ । यस नीतिले बालबालिकाको उच्चत्तम हितलाई ध्यानमा राखी उनिहरूको सर्वाङ्गिण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रबर्धन गर्ने लक्ष्य लिएको छ। यसका लागि बालमैत्री वातावरण बनाउने र बालबालिकामा हुने सबै किसिमका हिंसा, दुरव्यवहार, शोषण र उपेक्षालाई अन्त्य गर्ने उदेश्य लिइएको छ । त्यसैगरी नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८० तयार गरी सन्

[2] संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालय, प्रदेश तथा स्थानीय विकास सहयोग कार्याक्रम २०२१

२०३० सम्ममा बाल विवाह अन्त्य गर्ने लक्ष्य लिएको छ । यसबाट बालबालिकाको सर्वाङ्गिण विकासका लागि सहयोगी वातावरण बन्ने र उनीहरूको सम्बृद्धिमा योगदान पुग्ने अपेक्षा राखिएको छ ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी राष्ट्रिय नीति २०८० तयार गरिसकेको छ । जसमा अपाङ्गता भएका व्यक्तिहरूको सम्मान र अधिकारको प्रवर्धन गर्दै समावेशी र समतामूलक समाज निर्माण गर्ने परिदृष्य लिएको छ ।अपाङ्गता भएका व्यक्तिहरूको सबै तहमा समानुपातिक सहभागिता र पहुँच सुनिस्चित गरी उनिहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गरी उनीहरूको अधिकार सुनिस्चित गर्दै ससम्मान जीवन यापनको अवसर बनाउने यो नीतिको लक्ष्य रहेको छ। यो नीतिले अपाङ्गता भएका व्यक्तिलाई सक्षम, सबल र प्रतिस्पर्दी नागरिक बनाउदै आर्थिक र सामाजिक रूपमा सशक्तीकरण गर्ने, भौतिक पूर्वाधार, यातायात र संचारलाई अपाङ्ग मैत्री बनाई समतामूलक समावेशी शासन व्यवस्थ प्रवर्धन गर्ने उदेश्य लिएको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ कार्यान्वयन कार्ययोजनाले बनाई नीतिलाई कार्यमा परिणत गर्न क्रियाकलापहरू तय गरी कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह तथा सहयोगी निकायहरूको भूमिकालाई स्पष्ट पारेको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ ले लैङ्गिक समानतायुक्त राष्ट्र बनाउने दिर्घकालिन सोच लिएको छ । यसका लागि सबै क्षेत्रमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिस्चित गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणद्वारा लैङ्गिक समानता प्रवर्धन गर्ने दूरदृष्टि राखेको छ । लैङ्गिक समानता नीति २०७७ ले चारवटा उदेश्यहरू १) महिला, किशोरी तथा बालिकाको सामाजिक तथा आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था, २) लैङ्गिक भेदभाव, हिंसा, शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यमान्यतामा आधारित समाज स्थापना, ३) लैङ्गिक उत्तरदायी शासन पद्धति र ४) महिलाको आर्थिक सशक्तीकरण समावेश छन् । यिनै उदेश्यहरूलाई प्रभावकारी कार्यान्वयन गर्न यो विस्तृत कार्यान्वयन  योजनामा क्रियाकलापहरू तयार गरिएको छ ।

संवैधानिक प्रावधान र राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनलाई अगाडि बढाउन नेपाल सरकारले आवश्यक ऐन कानूनहरू निर्माण गर्दै आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर तथा सजाय) ऐन २०६८, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, र महिला, दलित, जनजाती, माधेशी आयोग गठन सम्बन्धी अलग अलग ऐनहरू लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई प्रवर्धन गर्नका लागि महत्वपूर्ण रहेका छन् ।

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ लाई आधार मानी कर्णाली प्रदेश सरकारले आफ्नो प्रदेशको  लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७८ तयार गरी स्थानीयकरणलाई अगाडि बढाएको छ । कर्णाली प्रदेशका नीतिले पाँच उदेश्य राखी यसलाई हाँसिल गर्न १६ वटा रणनीतिहरू तथा ११० कार्यानीतिहरू सुझाएको छ। लैङ्गिक समानता र समावेशीकरणका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने, महिला तथा

बञ्चितीमा परेका व्यक्तिहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने, विभेद, हिंसा, शोषण जस्ता हानिकारक सामाजिक परम्परा र संस्कारको अन्त्य गर्दै समानता र समावेशी शासन पद्धति प्रवर्धन गर्ने कर्णाली प्रदेशले लिएका उदेश्यहरू राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ लिएका उदेश्यसंग मेल खाएको छ । कर्णाली प्रदेशको लैससास नीतिले लिएको उदेश्यमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यूवा र बालबालिकाहरूको अनुभव, ज्ञान, सीप र सिर्जनशीलताको उपयोग गरी विकासमा योगदान पुर्याउने विषय थप रहेकोछ ।

कर्णाली प्रदेश सरकारको नीतिले लिएका उदेश्य प्राप्तीका लागि ऐन कानूनमा परिवर्तन, नेतृत्वमा महिलाको समानुपातिक प्रतिनिधित्व अभिबृद्धि, प्रदेश तथा स्थानीय तहमा लैससास शाखा स्थापना, सार्वजनिक सेवामा समानुपातिक नियुक्ती, कार्यस्थलमा स्तनपान कक्ष, कार्यालय समयमा लचकता, अपाङ्ग मैत्री संरचनाका मापदण्ड निर्माण, लैङ्गिक तथा अपाङ्गता समावेशी शिक्षा सम्बन्धी विद्यालयको पाठ्यक्रम, खण्डिकृत तथ्याङ्क व्यावस्थापन, महिलाको घरभित्रको कामको आर्थिक गणना, महिलाको संपतिमाथिको हक प्रवर्धन जस्ता महत्वपूर्ण कार्यनीति रहेका छ ।

## १.२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित मानव अधिकारका सिद्धान्तहरू

देहाएका मानव अधिकारका सिद्धान्तका आधारमा यो लैङ्गिक समानता तथा सामाजिक समावशीकरण नीति विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ ।

१. विभेद रहितः यो रणनीति कार्यान्वयनका सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन ।

२. सारभूत समानताः यो रणनीति विस्तृत कार्यान्वयन योजनाले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्त्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात् गरेको छ ।

३. कोहि पछाडि नछुटुनः दिगो विकास लक्ष्यको कोहि पनि पछाडी नछुटुन् भन्ने अवधारणालाई यस विस्तृत कार्यान्वयन योजनाले अवलम्बन गरेको छ ।

४. अर्थपुर्ण सहभागितः यो विस्तृत कार्यान्वयन योजनाले नगरपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाति क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपुर्ण सहभागिता सुनिश्चित गरेको छ ।

५. उत्तरदायित्व तथा जवाफदेहिताः यो विस्तृत कार्यान्वयन योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरु सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ ।

६. शून्य सहनशीलताः यो विस्तृत कार्यान्वयन योजनाले नगरपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद, हिंसा र शोषणका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ ।
७. कसैलाई पनि हानी नपुर्याउनेः यस विस्तृत कार्यान्यिन योजनाले समेटेका गतिविधिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अबलम्बन गरेको छ ।

## १. ३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिमा भएका प्रावधान र स्थानीय तहबाट समेट्न पर्ने थप विषयहरू

नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तयार गरेको राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ र यो नीति कार्यान्वयनका लागि तयार गरेको कार्ययोजना तथा कर्णाली प्रदेशले तयार गरेको लैससास नीति २०७८का बीचमा धेरै कुरामा तादम्यता देखिन्छ । यसैलाई स्रोतको रूपमा लिँदै खाँडाचक्र नगरपालिकाले आफ्नो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीति तयार गरकेकोछ।

लैङ्गिक, जातीय, वर्गीय विभेद रहित समतामूलक, न्यायपूर्ण सम्वृद्ध नगरपालिका निर्माण गर्ने दुरदृष्टि राखेर लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति मुलप्रवाहिकरण रणनीतिक योजना २०७९/८०-२०८४/८५ तयार गरी कार्यान्वयनको थालनी गरेको छ। नगरपालिकाको लैससास नीति मुलप्रवाहिकरण रणनीतिक योजनाले नगरपालिकाको लैङ्गिक उत्तरदायी शासन व्यवस्था, योजना तर्जुमा प्रणाली तथा बजेट र कानून तथा संरचनालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउने र सरोकारवालाहरू बीचमा समान बुझाई विकास गरी यस क्षेत्रमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय स्तरमा मार्ग प्रसस्त गरेको छ । तर राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ तथा कर्णाली प्रदेशको लैससास नीति २०७८ ले समेटेको लैङ्गिक भेदभाव, हिंसा, शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यमान्यतामा आधारित समाज स्थापना गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उदेश्यलाई भने विस्तृत कार्योजनाले थपेर जानुपर्ने देखिन्छ। तसर्थ खाँडाचक्र नगरपालिकाको लैससास मूलप्रवाहिकरण रणनीति योजना, कर्णाली प्रदेशको लैससास नीति तथा राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को कार्यान्वयन योजना, १६औं योजनाले लैससासका लागि तोकेका कार्यक्रमहरू र सरोकारवालाहरूको परामर्श समेतलाई समेटेर यो लैससास विस्तृत कार्यान्वयन योजना तयार गर्न लागिएको हो।

## १. ४. सोहौं योजनाको प्रावधान

नेपाल सरकारको वि.स. २१०० सम्मको दिर्घकालिन लक्ष्य **"संबृद्ध नेपालः सुखि नेपाली"** लाई योगदान पुर्याउने गरि २०८१/८२ देखि २०८५/८६ लागि सोहौं योजना बनेको छ। नेपालको संविधानको समानुपातिक

समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पलाई आत्मसात् गर्दै १६औं योजनाको परिच्छेद ८ मा 'लैङ्गिक समानता, सामाजिक न्याय र सामावेशी समाज' अन्तर्गतका कार्यक्रम समावेश गरिएको छ। १६औं योजनाले बालविवाह, बहुविवाह, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको जबरजस्ती विवाह, छाउपडी, बोक्सी जस्ता हानिकारक परम्परा, लैङ्गिक हिंसा, विभेद र शोषणको अन्त्य, सिमान्तकृत वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण र उनीहरूको अर्थपूर्ण सहभागिता, महिलाको कामको सन्मान र आर्थिक गणना गरिनु पर्ने कुरालाई चुनौतिको रूपमा स्वीकार गरेको छ।

यी चूनौतीलाई संवोधन गर्न यस १६ औं योजनाले लैङ्गिक समानता, सशक्तीकरण, सामाजिक न्याय र समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहिकरण र स्थानीयकरण गर्ने, तहगत र क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्धन गर्ने, लक्षित समुदायको अर्थपूर्ण सहभागिता सूनिस्चित गर्ने, तथ्यप्रमाणका आधारमा निर्णय लिने प्रणालीको विकास गर्ने र सकारात्मक विभेदका नीति अवलम्बन गर्ने रणनीति अघि सारेको छ।

१६औं योजनाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्न प्रशासकीय प्रबन्ध तथा नीतिगत एवं कानूनी सुधार, अन्तराष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन, लक्षित वर्गको पहिचान तथा वर्गीकरण र उनीहरुका लागि विशेष कार्यक्रम, अपाङ्ग मैत्री जीवन सहजीकरण, बाल अधिकार संरक्षण तथा प्रवर्धन, लक्षित वर्ग विशेष सामाजिक विकास तथा एकीकरण, तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन, अनुगमन, मुल्याङ्कन प्रणाली, दलित सशक्तीकरण, सामाजिक जागरण तथा सचेतनामूलक अभियान, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक तथा लैङ्गिक मैत्री संरचना जस्ता कार्यक्रमहरू समावेश गरेकोछ।

१६औं योजनाले यसको अन्त्यसम्ममा हासिल गर्न केही परिमाणात्मक लक्ष्य समेत निर्धारण गरेको छ। खासगरी बि.सं. २०८५/८६ सम्ममा यस योजनाले लैङ्गिक विकास सूचकाङ्क ०.८८५ बाट ०.९६७, लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क ०.४६बाट ०.५९, सामाजिक सशक्तीकरण सूचकाङ्क ०.५८बाट ०.६५, जीवनकालमा शारीरिक वा मानसिक वा लैङ्गिक हिंसा पिडित महिला २३.४%बाट २०%, महिलाको प्रतिनिधित्व संघीय संसदमा ३३.६%बाट ४०%, प्रदेश संसदमा ३४.५%बाट ४०%, स्थानीय तहमा ४०.९%बाट ४५%, सार्वजनिक सेवामा महिलाको प्रतिनिधित्व २९.५%बाट ३५%, घर जग्गामा स्वमित्व भएका महिला २३.८%बाट ३५%, श्रमशक्तीमा महिलाको सहभागिता दर २६.३%बाट ३५%, सार्वजनिक सेवाको नीति निर्माण तहमा महिला १३.७%बाट २०%, लैङ्गिक उत्तरदायी बजेट ४०%बाट ५०%, विद्यालय वा कार्यस्थलमा महिनावारीका कारण अनुपस्थित हुने महिला ९.४%बाट ४% पुर्याउने लक्ष्य निर्धारण गरिको छ।

राष्ट्रिय स्तरमा बनेका १६औं योजनाका कार्याक्रमहरूले लिएको लक्ष्य हाँसिल गर्न स्थानीय तहले कार्याक्रम बनाई कार्यान्वयन गर्ने भएकाले स्थानीय तहको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति कार्यावन्वयनको लागि बनाइने विस्तृत कार्यान्वयन योजनाले १६औं योजनाले समेटेका कार्यक्रम तथा लक्ष्य हासिल गर्न योगदान पुर्याउने कुरालाई ध्यानमा राखेर क्रियाकलापहरू राखिएका छन्।

## २. कार्य योजनाको आवश्यकता, उदेश्य, बिधि र प्रकृया

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण "**संबृद्ध नेपाल सुखी नेपाली**" भन्ने नेपाल सरकारले निर्धारण गरेको दिर्घकालिन लक्ष्यको महत्वपूर्ण आयाम हो। लैङ्गिक समानता र सामाजिक समावेशीकरणले सबै मानिसहरूको आत्मसम्मान उच्च गराउँछ। यसबाट विकास र शान्ति अभियानमा सबैको सहभागिता र योगदान बढ्दछ । समानता र समावेशीकरणले कोही दुःखी नहुने वातावरण बन्दछ र सबैलाई खुसी मिल्दछ। त्यसैले नेपालको संविधान २०७२ मर्म र अन्तरराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धता अनुसार नेपालका तिनै तहका सरकारले लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्धनका लागि आवश्यक नीति, ऐन, नियम, रणनीति र कार्ययोजना निर्माण गरी कार्यान्वयनको तयारी गरिसकेका छन्। लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति अनुसार गरिने कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकाय स्थानीय तह भएकाले स्थानीय तहले के कस्ता क्रियाकलापहरू कार्यान्वयन गर्ने भन्ने कुरामा स्पष्ट हुन जरूरी छ। खाँडाचक्र नगरपालिका आफै र नगरपालिका क्षेत्रमा भित्र लैससासमा काम गर्ने सबै संघ संस्था बीच लैससास सम्बन्धमा साझा बुझाई र लैङ्गिक समानाता र सामाजिक समावेशीकरणमा तय गरिएका लक्ष्य हासिल गर्न संचालन गरिने विस्तृत क्रियाकलापहरू पनि साझा बनाउन जरूरी छ। यसले कार्यान्वयनमा एकरुपता ल्याई लैससासले लिएका उदेश्यहरू हासिल गर्न सजिलो बनाउँछ। त्यसैले लैससास रणनीति कार्यान्वयनका लागि सबै सरोकारवालाहरूको सहभागितामा यो लैससास नीति विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ।

यस विस्तृत कार्यान्वयन योजनाको मूख्य उदेश्य खाँडाचक्र नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति मुलप्रवाहिकरण रणनीतिक योजना कार्यान्वयनका लागि साझा आधार तयार गर्ने हो।

यसका विशिष्ठ उदेश्यहरू-

क) लैससास नीति तथा रणनीतिलाई कार्यान्वयन गर्न आवश्यक स्रोत व्यवस्थापन तथा क्रियाकलापहरूलाई समान र निरन्तर संचालन गर्नका लागि नगरपालिकालाई सहजीकरण गर्ने।

ख) लैससास नीति मुलप्रवाहिकरण रणनीतिक योजनालाई कार्यान्वयन गर्न साझा विस्तृत क्रियाकलापहरू तयार गरी लैससासका सवाललाई मुलप्रवाहिकरण गर्न यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई सक्षम बनाउने।

ग) लैससास कार्यान्वयनमा गरिएका प्रयासलाई सुदृढ गर्न, समिक्षा गर्न र अनुगमन गर्न नगरपालिकालाई सक्षम बनाउने ।

मौजुदा दस्तावेजहरूको विश्लेषण, नगर कार्यपालिका र सरोकारवालाहरूको प्रत्यक्ष योगदान, र लैससास क्षेत्रका विज्ञ टोलीको आफ्नो अनुभव समेतको संयुक्त प्रयासबाट यो लैससास नीति २०७८ को विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ ।

**क) लैससाससंग सम्बन्धित दस्तावेजहरूको अध्ययनः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति विस्तृत कार्यान्वयन योजना निर्माणका क्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा भएका अन्तराष्ट्रिय प्रावधानहरु, नेपालको संविधान २०७२, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, राष्ट्रिय बालबालिका सम्बन्धी नीति २०८०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नीति २०८०, १६ औं योजना, स्थानीय सरकार संचालन ऐन २०७४मा भएको लैससाससंग सम्बन्धित प्रावधानहरु, दिगो विकास लक्ष्य ५, कर्णाली प्रदेशको लैससास नीति २०७८, खाँडाचक्र नगरपालिकाको लैससास नीति मुलप्रवाहिकरण रणनीतिक योजना, नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट, राष्ट्रिय जनगणना २०७८ का लैङ्गिक समानता सम्बन्धी तथ्याङ्क आदि अध्यायन तथा विश्लेषण गरि वस्तुगत अवस्था र विस्तृत कार्यान्वयन योजनाको आवश्यकताको आधार र औचित्यता स्पष्ट पारिएको थियो।

**ख) नगर स्तरीय सरोकारवालासंगको परामर्श गोष्ठीः** यो कार्यान्वयन योजना निर्माणको क्रममा खाँडाचक्र नगर कार्यपालिकाका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू र नगरपालिका क्षेत्रमा लैससासमा काम गर्ने संघसंस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग एकदिने छलफल तथा अन्तरक्रिया गरी लैससास विस्तृत कार्यान्वयन योजनाका मूख्य विषयगत क्षेत्र र क्रियाकलापहरू निर्धारण गरिएकोछ । यसैगरी महिला तथा बालबालिका शाखाका कर्मचारीहरूसंग थप छलफल गरी पालिकास्तरबाट भएका लैससास कार्यान्वयनका प्रयासहरू, त्यससंग संबन्धित अन्य दस्तावेजहरू, लैङ्गिक वजेट कोड राख्ने अभ्यास तथा अन्य असल अभ्यासहरू लगायतका विषयहरूबारे जानकारी लिइ यस कार्ययोजनामा समेट्न सकिने विषयवस्तुको जानकारी लिइएको थियो।

**ग) लैससास विस्तृत कार्यान्वयन योजनाको मसौदाः** नगरपालिकाको परामर्श गोष्ठी तथा अन्य छलफलका सुझावहरू, मौजुदा खाँडाचक्र नगरपालिकाको लैससास नीति मुलप्रवाहिकरण रणनीति योजना, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को कार्यान्वयन योजना, १६ योजनाका प्राथमिक कार्यक्रमहरू, कर्णाली प्रदेशको लैससास रणनीति समेतलाई ध्यानमा राखी विस्तृत कार्ययोजनाको मसौदा तयार गरिएको छ । मसौदा कार्ययोजना सरोकारवालाहरूको अध्यायनका लागि पृष्ठपोषण गोष्ठि भन्दा एक हप्ता अगाडि नै उपलब्ध गराएको थियो।

**घ) लैससास विस्तृत कार्यान्वयन योजनाको मस्यौदामाथि छलफलः** मस्यौदालाइ अन्तिम रूप दिने सम्बन्धमा नगरपालिकाले शुरू परामर्श गर्दा सहभागी भएका सरोकारवालाहरूसँग पुनः एक दिनको छलफल आयोजना गरी विस्तृत कार्ययोजनाका विषयवस्तुहरू खासगरि विषयगत क्षेत्र र यस अन्तर्गत रहेका क्रियाकलापहरूमा अन्तिम सुझावका लागि छलफल गरिएको छ । सोही बमोजिम प्राप्त सुझावहरूलाई थप स्पष्ट पार्दै नगरपालिकाको समग्र परिवेश एवम् आवश्यकता र औचित्यता अनुसार थपघट गरी यो कार्यान्वयन योजनालाइ अन्तिम स्वरुप दिइएको छ ।

**ङ) नगर कार्यपालिकाबाट स्विकृतः** नगर पालिकाले लैससास विस्तृत कार्यान्वयन योजनाको गहन अध्ययन गारि कार्यपालिकाको मिति....................... को बैठकबाट यो लैससास विस्तृत कार्यान्वयन योजना पारित गरी लागू गरिएको हो।

## ३. सरोकारवालाको नक्साङ्कन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विस्तृत कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्यनका लागि वर्तमान अवस्थामा नगरपालिका र यससंग प्रत्यक्ष्य चासो राख्ने र यसलाई प्रभाव पार्नसक्ने खाँडाचक्रमा कार्यरत सरकारी निकाय, संयुक्त राष्ट्र संघीय कार्यालयका परियोजना तथा गैर सरकारी साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरु नै मुख्य सरोकारवालाहरूका रूपमा पहिचान भएका छन् । यस नगरपालिकाले लैससास विस्तृत कार्यान्वयन योजना कार्यान्वयनमा निम्नबमोजिमका सरोकारवालाहरु सूचीकृत गरेको छ ।

| **मुख्य सरोकारवाला** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको लागि सरोकारवालाको भुमिका** |
|---|---|
| • खाँडाचक्र नगरपालिका | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने ।<br>• लैससासको लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमग तथा मुल्याङ्कन गर्ने ।<br>• लैससास क्षेत्रमा काम गर्ने संस्थाहरु बिचमा समन्वय गर्ने । |
| • लैससास कार्यन्वयन समिति | • नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि तथा दस्तावेजमा लैससासको विषयवस्तु समावेश गरी मुलप्रवाहीकरण गर्ने ।<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण का समस्या समाधान गर्न प्राविधिक सहयोग गर्ने ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य सरोकारवाला निकाय सँग प्रभावकारी समन्वय गर्ने । |
| • न्यायिक समिति | • नगरपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्धाहरुमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।<br>• सबै वडा तहमा मेलमिलाप केन्द्र संचालन गर्ने ।<br>• लैससास विस्तृत कार्यान्वयन योजना अनुगमन कार्यदल गठन गर्ने र कार्यदलको अनुगमन प्रतिवेदन ग्रहण गर्ने । |
| • महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास सम्बन्धी बनेका नीति तथा रणनीति अनुसारका योजना कार्यान्वयन गराउने ।<br>• महिला, बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु |

| | |
|---|---|
| | संचालन गर्ने ।<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको समयमा नै खर्च गर्ने ।<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने । |
| • वडा समिति | • वडा तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने ।<br>• योजना छनौट प्रक्रियामा महिला तथा लक्षित वर्गसंग छट्टाछुट्टै छलफल गरी उनिहरुको व्यावहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्राथमिकीकरण गर्ने ।<br>• टोल स्तरमा लैससास सम्बन्धी सचेतना कार्यक्रम गर्ने । |
| • मेलमिलापकर्ता | • वडा स्तरमा हुने विवादको समाधाग तथा समाधान हुन नसक्ने मुद्धालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारिस गर्ने । |
| • टोल विकास सस्था | • टोलमा संचालन हुने विकास निर्माण, योजना तर्जुमा तथा कार्यान्यनमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने ।<br>• टोलमा बसोबास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तीहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने ।<br>• सबै प्रकारका हिंसा तथा सामाजिक कु-पर्था रोक्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।<br>• आफ्नो टोललाई लैससासमैत्री तथा वातावरणमैत्री बनाउन कार्यक्रम संचालन गर्ने । |
| • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र (जिल्ला प्रहरी कार्यलय) | • हिंसा तथा दुर्व्यवहारबाट पीडितको उद्धार, मनोविमर्श, आवासीय अस्थायी संरक्षण तथा पुनःस्थापना, स्वास्थ्य उपचार तथा सुरक्षा सेवा र दोषि उपर कार्वाही गर्ने । |
| • नागरिक समाज (बाल क्लव, आमा समुह, किशोरी संजाल) | • महिला तथा वञ्चितिकरणमा परेका समुहहरुका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने।<br>• समावेशी सवालमा आवाज उठाउने र सामाजिक विभेद तथा कुरीती विरुद्द जनचेतनामुलक कार्यक्रम गर्ने।<br>• सरकारले गर्ने क्रियाकलापहरूलाई लैङ्गिक मैत्री र समावेशी वनाउन वकालत र रखवाली गर्ने । |
| • महिला तथा बालिकाका क्षेत्रमा काम गर्ने गैससहरु (आवाज, INF, CMC | • नगरपालिकाको लैससास रणनीति कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने ।<br>• नगरपालिकाको लैससास नीति तथा रणनीतिले प्राथमिकतामा राखेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने । |

| | |
|---|---|
| Nepal, स्याक नेपाल, किर्डाक नेपाल, सोसेक, सशक्त महिला समृद्ध नेपाल-UNICEF, ILO, UN Women, UNFPA) | • महिला तथा वञ्चितिकरणमा परेका समुहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायिक सहयोग पर्याउने । <br> • महिलाको उद्यमशीलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने । <br> • लैङ्गिक हिंसा, सामाजिक विभेद, कु-प्रथा र अन्याय हटाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने । |

## ४. स्थानीय सरकारको बजेट बिनियोजनको प्रक्रिया र आधार

खाँडाचक्र नगरपालिकाले वार्षिक योजना तथा बजेट तयार गर्दा नेपाल सरकारले तय गरेको स्थानीय तहले पालना गर्नुपर्ने ७ चरणहरूलाई अनुशरण गर्दै आएको छ ।नगर उप-प्रमूखको नेतृत्वमा रहेको योजना तर्जुमा समितिले आवश्यक तयारी गरी बजेटको स्रोत आँकलन तथा प्राथमिकता क्षेत्र तय गरेको छ । उपलब्ध स्रोत र प्राथमिकताको क्षेत्रलाई ध्यानमा राखी टोल तथा वडा स्तरबाट माग संकलन गर्ने र टोलबाट माग सूची बनेपछि वडा स्तरमा प्राथमिकीकरण गरी योजना तर्जुमा समितिमा पेश गर्रिदै आएको छ । वडाको प्राथमिकता सूचीका आधारमा योजना तर्जुमा समितिले उपलब्ध स्रोत र प्राथमिकताका आधार अनुसार नगरको योजना तयार गर्ने गरेको छ ।

नगरपालिकाको योजना समितिले योजना छनौट गर्दा संघीय तथा प्रादेशिक सरकारको चालू वर्षको योजना तथा बजेट, कर्णाली प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, नगरपालिकाको नीति तथा कार्यक्रमले निर्धारण गरेको प्राथमिकता, टोलवस्ती तथा वडा स्तरबाट आएका प्रथमिकता समेतलाई ध्यानमा राखी योजना तयार गर्ने गरेको छ। तर नगरको २०८१/८२ को नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्पष्ट समावेस गरिएको भएपनि स्रोतको सिमितताले बजेटले पर्याप्त समेट्न सकेको छैन । यसमा टोल तथा वस्ती स्तरबाट आउने माग सुचीमा नै लैङ्गिक रुपान्तरण र सामाजिक समावेशीकरण प्रवर्धन भन्दा पनि भौतिक पूर्वाधारका माग बढी आउनु पनि एउटा कारण हो। तसर्थ लैससासलाई विकासको मेरूदण्ड मानेर समुदाय स्तरबाटै माग आउन थप जनचेतना बढाउन जरुरी देखिन्छ ।

योजना समितिले तयार गरेको योजना तथा बजेट नगर सभाबाट पारित भएपछि नगर प्रमूखबाट प्रमूख प्रशासकीय अधिकृतलाई कार्यान्वयनका लागि कार्यदेश दिएपछि कार्यान्वयन अगाडि बढ्छ । नगरपालिकाले योजना कार्यान्वयनमा जिम्मेवारी अनुसार वडा र नगरपालिका तथा सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई अनिवार्य गर्दै आएको छ ।

## ५. स्थानीय सरकारको लैंससास कार्यान्वयन कार्य योजना र वार्षिक योजनाको सम्बन्ध र अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धनका आँखाबाट खाँडाचक्र नगरपालिकाको विगत २ वर्षको नीति तथा कार्यक्रम र बजेटलाई विश्लेषण गर्दा अरु थप पहल गर्नु पर्ने देखिन्छ। २०८१/८२ को नीति तथा कार्यक्रमले महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति, हिंसा पिडित महिला तथा बालबालिका संबन्धमा केहि समेटेको छ ।तर त्यसलाई कार्यान्वयन गर्न भने क्रियाकलाप र बजेट मौन छ ।

२०८१/८२ को नीति तथा कार्यक्रममा गर्भवती तथा सुत्केरीको जाँच तथा पोषण, अपाङ्गता भएका व्यक्ति तथा हिंसा पिडितको स्वास्थ्य बिमा, घरेलु तथा लैङ्गिक हिंसा, बालश्रम, बाल विवाह, जातीय विभेद अन्त्य गर्ने क्रियाकलापहरू समेटेको छ । त्यस्तै महिला, दलित, जनजाती, फरक क्षमता भएका व्यक्तिको आयआर्जन र उद्यमशीलता सीप विकास गर्ने विषयवस्तु समेटिएको छ । लैङ्गिक हिंसा तथा बाल विवाह विरूद्ध सचेतनामूलक कार्यक्रम, बाल क्लव, बाल संरक्षण समिति, बाल मैत्रि स्थानीय शासन समिति गठन तथा परिचालन, बालमैत्रि वडा तथा नगरपालिका घोषणा जस्ता विषयहरू समेटिएको छ ।

तर यसलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने चाहिँ नीति पनि मौन छ । आ.व.२०८०/८१ र २०८१/८२ क्रियाकलाप र बजेटमा पनि लैससास नीति मुलप्रवाहिकरण रणनीतिक योजनाको समग्र अवधारणा र प्रस्तावित विस्तृत कार्यान्वयन योजनालाई योगदान गर्ने हिसाबले नगन्य छ । आ.व.२०८०/८१ र २०८१/८२ मा क्रमश रू. १,००,००० र रू.१३,२०,००० बजेट राखिएको र केही बृद्धि भएको देखिएपनि सारमा लैससास मा रूपान्तरणमूखी क्रियाकलापहरू समावेश छैनन् । आ.व.२०८१/८२ को बजेटमा लैससास उपक्षेत्रमा अन्तरगत राखिएको बजेटमा छपाई सामग्री, अपाङ्गता समन्वय बैठक, दिवस, संचार भ्रमण जस्ता क्रियाकलाप समेटिएको छ ।तर बजेटमा महिला, दलित, जनजाती, बालबालिकाको क्षेत्रमा सामाजिक मूल्यमान्यतालाई रूपान्तरण गरी समानता र समावेशी समाज बनाउन निर्दिष्ट क्रियाकलापहरु भने राखिएका छैनन् ।

नगरपालिकाको लैङ्गिक प्रतिकार्य विश्लेषणका लागि समग्र बजेटलाई लैङ्गिक उत्तरदायी बजेट संकेत (GRB coding) भने राख्ने प्रचलन अझै थालिएको छैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) उप-क्षेत्रमा राखी यस क्षेत्रको बजेटलाई छुट्याइएको भएपनि यसमा महिला, दलित, जनजाती, बालबालिकाको क्षेत्रका सामाजिक मूल्यमान्यतालाई रूपान्तरण गर्न सहायोगी क्रियाकलापहरू राखिएको छैन ।

अब खाँडाचक्र नगरपालिकामा लैससास विस्तृत कार्यान्वयन योजनाको आधारमा आगामी दिनमा नीतिगत र संरचनागत व्यवस्था गर्दै लैङ्गिक हिंसा, भेदभाव र शोषण जस्ता हानिकारक सामाजिक मुल्यमान्यताहरू अन्त्य गर्न नियमित वार्षिक क्रियाकलापहरू राखिने छ । महिला, जनजाति तथा दलितको सीप तथा स्वरोजगार प्रबर्धन गरी उनिहरूको आर्थिक सशक्तीकरण गर्न नगरपालिकाले नियमित बजेट व्यवस्था गर्दै लैजानेछ।

## ६. विस्तृत कार्य योजना अनुगमन संयन्त्र तथा प्रक्रिया

खाँडाचक्र नगरपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७७ मुलप्रवाहिकरण रणनीतिले नगर स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति र वडा स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति रहने प्रावधान गरेको छ । लैससास नीति कार्यान्वयन योजनाले अनुगमनको जिम्मेवारी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिले गर्ने व्यवस्था गरेको छ । उक्त समितिको योजना निर्माण, कार्यान्वयनमा सहजीकरणका साथै अनुगमन समेतको भूमिका रहेको छ । लैससास समितिको कार्यलाई थप व्यवस्थित गर्न नगर उप-प्रमूखको संयोजकत्वमा निम्न ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन कार्यदल गठन गरी अनुगमनलाई चूस्त र व्यवहारिक बनाइनेछ ।

क) नगर उप-प्रमूख — संयोजक

ख) सामाजिक विकास समिति संयोजक — सदस्य

ग) सामाजिक विकास शाखा प्रमूख — सदस्य

घ) महिला, बालबालिका र जेष्ठ नागरिक शाखा प्रमूख — सदस्य

ङ) नगरपालिका क्षेत्रमा लैससास क्षेत्रमा काम गर्ने संघ संस्था मध्येबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिले तोकेको एकजना प्रतिनिधि — सदस्य

नोटः अनुगमन कार्यदलले आवस्यकता अनुसार महिला तथा लक्षित वर्गका व्यक्तिलाई अनुगमन समितिमा आमन्त्रण गर्न सक्नेछ ।

अनुगमन समितिले निम्न अनुसार लैससासका कार्यक्रमको योजना, कार्यान्वयन, र यसको प्रभावकारिताको अनुगमन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिमा प्रतिवेदन पेश गर्नेछ।

क) खण्डीकृत तथ्याङ्क संकलन फर्मेट निर्धारण गरि क्रियाकलाप सम्पन्न भएपछि नियमित प्रतिवेदन पेश गर्ने प्रणालीको विकास गरिनेछ ।

ख) नगरपालिकामा खण्डीकृत तथ्याङ्क राख्ने डाटाबेस तयार गरी नियमित अध्यावधि गरिने छ ।

ग) योजना तर्जुमाका लागि बजेट निर्देशिका बनाउँदा लैससासमा प्रत्यक्ष लाभ पुग्ने क्षेत्रमा न्यूनतम प्रतिसत बजेट सुनिस्चित गर्ने परम्परा थालिनेछ ।

घ) नगरपालिकाको बजेट सुत्रमा लैङ्गिक उत्तरदायि बजेट संकेत (GRB coding) लागू गरी लैससास मैत्री बजेटको सुनिस्चित गरिनेछ।

ङ) विस्तृत कार्यान्वयन योजनाले पहिचान गरेका क्रियाकलापहरूको वार्षिक योजनासंग सामानजस्यता भएनभएको सुनिस्चित गरिने छ ।

च) वार्षिक योजनामा भएका क्रियाकलापहरु कार्यान्वयनमा अर्धवार्षिक रूपमा कार्यदलले फिल्डमा अनुगमन गरी यसको प्रभावकारिता, सुधारगर्नुपर्ने पक्ष वारे छलफल गरिनेछ।

छ) कार्यदलले लैङ्गिक तथा जनजातीको खण्डीकृत तथ्याङ्क विश्लेषण र फिल्ड अनुगमनको उपलब्धी समेतलाई समेटेर अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गरी लैससास समितिमा प्रस्तुत गर्नेछ ।

ज) लैङ्गिक समानता तथा सामाजिक समितिले छलफल गरी अनुमोदन गर्ने  र नगर कार्यपालिकाको बैठकमा समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नेछ ।

झ) नगरकार्यपालिकाले प्रतिवेदन प्रति छलफल गरि सुधार तथा आउँदो योजनाका तर्जुमा लागि आवश्यक निर्देशन गर्नेछ ।

# ७. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति विस्तृत कार्यान्वयन योजना

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| **लैंससास रणनीतिको उदेश्य १: महिला, किशोरी तथा बालबालिका- को सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने** | | | | | | | | | |
| १ | लैङ्गिक हिंसा निवारण कोष संचालन मापदण्ड/ कार्यविधि निर्माण | पीडित महिला, बालबालिका | नगरपालिका | नमूना कार्यविधि | | १ | √ | | स्वीकृत कार्यविधि |
| २ | सुरक्षित र मर्यादित कार्यस्थल निर्माणका लागि शुन्य सहनशिलताको नीति निर्माण (अन्तरष्टिय श्रम मापदण्ड अनुसार) | महिला | नगरपालिका | नमूना कार्यविधि | | १ | √ | √ | स्वीकृत शुन्य सहनशिलताको नीति |
| ३ | लैङ्गिक, बाल तथा अपाङ्गतामैत्री संरचना सम्बन्धी मापदण्ड तथा निर्देशिका निर्माण (भवन निर्माण आचारसंहिता) | बालबालिका, अपाङ्गता भएका व्यक्ति | नगरपालिका | | | १ | √ | | मापदण्ड |
| ४ | बाल अधिकार संरक्षण तथा प्रवर्धन एकिकृत कार्यविधि निर्माण / संसोधन | | महिला बालबालिका शाखा | नमूना कार्यविधि | | १ | √ | | संसोधित कार्यविधि |
| ५ | बाल विवाह अन्त्यका लागि रणनीति निर्माण | बालबालिका | महिला बालबालिका शाखा | रणनीति | | १ | √ | | रणनीति |
| ६ | घरेलु कामको आर्थिक मुल्याङ्कन मापदण्ड निर्माण | महिला | रोजगार शाखा | नमूना मापदण्ड | | २ | √ | | स्वीकृत मापदण्ड |
| ७ | नगरपालिका स्तरमा एकिकृत स्याहार नीति निर्माण | लक्षित वर्ग | नगरपालिका | | | २ | √ | √ | स्याहार नीति |

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ८ | विपद संवेदनशील एवं समावेशीमुलक सामाजिक सुरक्षा कार्यविधि निर्माण | सबै | नगरपालिका | | | १ | √ | | विपद संवेदनशील कार्यविधि |
| ९ | महिला केन्द्रीत लगानी प्रर्वद्धनका लागि सार्वजानिक तथा निजी साझेदारीता सम्वन्धी कार्यविधि निर्माण | महिला | नगरपालिका | | | २- निरन्तर | √ | √ | कार्यविधि |
| १० | समुह/समिति गठन तथा संचालन मार्गदर्शन निर्माण (न्यूनतम महिला सहभागिता ४५%सहित) | महिला | नगरपालिका | | | १ | √ | | मार्गदर्शन |
| ११ | पालिका स्तरीय अपाङ्गता अधिकार समिति गठन संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण | अपाङ्गता भएका व्यक्ती | महिला बालबालिका शाखा | | | १ | √ | | कार्यविधि |
| १२ | बाल क्लव संचालन तथा व्यवस्थापन कार्यविधि/ निर्देशिका निर्माण | बालबालिका | महिला बालबालिका शाखा | नमुना निर्देशिका | | १ | √ | | स्वीकृत कार्यविधि / निर्देशिका |
| १३ | पालिका तथा वडा स्तरीय अपाङ्गता अधिकार समिति गठन र परिचालन | अपाङ्गता भएका व्यक्ती | महिला बालबालिका शाखा | | | २- निरन्तर | √ | | अपाङ्गता अधिकार समिति गठन र नियमित बैठक |
| १४ | पालिका तथा वडा स्तरीय जेष्ठ नागरीक अधिकार समिति गठन र परिचालन | जेष्ठ नागरीक | महिला बालबालिका शाखा | | | १-निरन्तर | √ | | जेष्ठ नागरीक अधिकार समिति गठन र नियमित बैठक |
| १५ | पालिका तथा वडा स्तरीय महिला समिति गठन तथा परिचालन | महिला | नगरपालिका / वडा | | | निरन्तर | √ | | महिला समिति गठन र नियमित बैठक |
| १६ | लैङ्गिक मैत्री कार्यस्थल निर्माणका लागि आचारसंहिता | कार्यरत व्यक्ति | नगरपालिका | | | १ | √ | | आचारसंहिता |

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | निर्माण | | | | | | | | |
| १७ | नगरपालिका तथा वडा स्तरीय लैससास कार्यान्वयन समिति गठन, पुर्नगठन तथा परिचालन | सबै | नगरपालिका/ वडा | | | १ | √ | | लैससास कार्यान्वयन समिति गठन र नियमित बैठक |
| १८ | बाल तथा किशोर किशोरी क्लव गठन, पुर्नगठन तथा परिचालन | महिला तथा बालबालिका | नगरपालिका, वडा | | | २- निरन्तर | √ | √ | क्लव गठन र गठन र नियमित बैठक |
| १९ | बालकोषको स्थापना तथा परिचालन | बालबालिका | नगरपालिका | | | १- निरन्तर | √ | √ | बालकोष |
| २० | लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा परिचालन | लक्षित वर्ग | नगरपालिका | | | २- निरन्तर | √ | √ | हिंसा निवारण कोष |
| २१ | लैङ्गिक हिंसा निगरानी/निवारण समूह/संजाल गठन, पुर्नगठन तथा परिचालन | लक्षित वर्ग | वडा | | | १-निरन्तर | √ | √ | समूह गठन र नियमित बैठक |
| २२ | बाल संरक्षण मापदण्ड निर्माण | बालबालिका | नगरपालिका | | | २ | √ | √ | मापदण्ड |
| २३ | लैङ्गिक हिंसामा परेका व्यक्ति केन्द्रित सिफारिस प्रणालीको स्थापना र परिचालन | सेवा प्रदायक निकायहरु | नगरपालिका | | | निरन्तर | √ | √ | सिफारिस प्रणालीको स्थापना |
| २४ | स्थानीय बाल अधिकार समिति गठन, पुर्नगठन तथा परिचालन | बालबालिका | नगरपालिका | | | निरन्तर | √ | √ | बालअधिकार समिति गठन र नियमित बैठक |
| २५ | कार्यस्थलमा स्तनपान /शिशु स्याहार कक्ष निर्माण तथा संचालन | महिला तथा बालबालिका | नगरपालिका | | | १ | √ | √ | कक्ष व्यवस्थापन |
| २६ | अनौपचारिक क्षेत्रका श्रमिकहरुका लागि सामाजिक सुरक्षाको नीति निर्माण र स्रोत व्यवस्थापन | लक्षित वर्ग | नगरपालिका | | | २ | √ | √ | नीति |
| २७ | महिला, बालबालिका तथा सबै लक्षित समूहको लागि | लक्षित वर्ग | नगरपालिका | | | २- निरन्तर | √ | √ | विनियोजीत बजेट |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | नगरपालिकाको कूल पुँजीगत बजेटको कम्तीमा १०% बजेट विनियोजन। | | | | | | | | |
| **लैंससास रणनीतिको उदेश्य २: लैङ्गिक भेदभाव, हिंसा, र शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यामान्यता-मा आधारित समाज स्थापना गर्ने ।** | | | | | | | | | |
| १ | दिवसीय कार्यक्रम (बाल दिवस, महिला हिंसा विरूद्ध १६ दिने अभियान, नारी दिवस, अपाङ्गता दिवस, जेष्ठ नागरीक, श्रम दिवस, अन्तर्राष्टिय स्याहार तथा सहयोग दिवस आदि) | लक्षित वर्ग | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | प्रतिवेदन, फोटो |
| २ | लैङ्गिक विभेदको अवस्था र बालबालिकाको स्थितीको सर्वेक्षण गरी प्रतिवेदन निर्माण | महिला, बालबालिका | नगरपालिका | | | २, ५ | √ | √ | प्रतिवेदन |
| ३ | सडक नाटक (नकारात्मक परम्परा, बाल विवाह, बाल श्रम, घरेलु हिंसा तथा सामाजिक भेदभाव विरूद्ध) | महिला, बालबालिका | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | प्रतिवेदन |
| ४ | ज्योतिष, पण्डित, सामाजिक तथा धार्मिक अगुवासँग सामाजिक कु-संस्कारका बारेमा अन्तरक्रिया | धर्म गुरुहरु | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| ५ | हिंसा तथा दुर्व्यवहार सम्बन्धी उजुरी संयन्त्र र प्रक्रियाका बारेमा सचेतना | सबै | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | उजुरी प्रणाली |
| ६ | नगरपालिकाको पदाधिकारी\कर्मचारी र सरोकारवालाहरुलाई लैससास सम्बन्धी तालिम | पदाधिकारी र कर्मचारी | नगरपालिका | | | निरन्तर | √ | √ | क्षमता विकास |
| ७ | हिंसा पीडितलाई आवश्यकतामा आधारीत निःशुल्क र गुणस्तरीय सेवा ( स्वास्थ्य, शिक्षा, कानूनी, अस्थाई आश्रय स्थल, पुर्नस्थापना तथा जिविकोपार्जन) | लैङ्गिक हिंसा पीडित | नगरपालिका | | | निरन्तर | √ | √ | प्रगती प्रतिवेदन |
| ८ | विद्यालयस्तरको स्थानीय पाठ्यक्रम पुनरावलोकन तथा लैससास (वृहत यौनिकता शिक्षा) सचेतनाका विषयवस्तु समावेश र तालिम | बालबालिका | नगरपालिका | पाठ्यक्रम विकास केन्द्र | | १ | √ | | संसोधित पाठ्यक्रम |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ९ | किशोर/किशोरी मैत्री सुचना केन्द्र स्थापना तथा संचालन (बिद्यालय तथा समुदायमा) | किशोर/कि-शोरी | नगरपालिका | | | निरन्तर | √ | √ | सुचना केन्द्र |
| १० | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको संचालन | बालबालिका | नगरपालिका | | | निरन्तर | √ | √ | हेल्पलाइन र अस्थाई आश्रय स्थल |
| ११ | साइवर सुरक्षा तथा सुचना प्रविधिको प्रयोग सम्बन्धी सचेतना अभियान (प्रहरी संगको साझेदारीमा) | महिला बालिका | नगरपालिका | | | निरन्तर | √ | √ | प्रगती प्रतिवेदन र उपस्थिति रजिष्टर |
| १२ | नगरपालिकाको स्याहार प्रोफाइल निर्माणको लागि स्याहार आवश्यकताहरु, सेवाहरु र नीतिहरुको नक्साकंन | लक्षित वर्ग | नगरपालिका | | | १ | √ | √ | नक्साकंनको प्रतिवेदन |
| १३ | लैङ्गिक हिंसा र सिफारीस प्रणाली सम्बन्धी सेवा प्रदायक निकायहरुको क्षमता विकास | स्थानीय अगुवा तथा सेवा प्रदायक | नगरपालिका | | | निरन्तर | √ | √ | तालिम पूर्व र तालिम पश्चातको मुल्याकंन |
| १४ | हानिकारक परम्परा तथा लैङ्गिक हिंसा सबन्धी समुदाय तथा पारिवारिक संवाद | समुदाय, परिवार | वडा | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| १५ | महिला हिंसा, भेदभाव र शोषण सम्बन्धी गुनासो व्यवस्थापन प्रणालीको स्थापना र संचालन | सबै | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | गुनासो व्यवस्थापन प्रणालीको स्थापना |
| १६ | बैंक खाता छोरीको सूरक्षा जीवन भरीको कार्यक्रमलाई सहजीकरण। | सबै | नगरपालिका | | | निरन्तर | √ | √ | छोरीहरुको बैंक खाताको अभिलेख |
| १७ | न्यायिक समिती तथा मेलमिलापकर्ताको क्षमता विकास | सेवाग्राहीहरु | नगरपालिका | | | निरन्तर | √ | √ | क्षमता विकास |
| १८ | एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र अल्पकालिन आश्रय स्थल संचालनका लागि सहजीकरण र क्षमता विकास | लक्षित वर्ग | नगरपालिका | | | १- निरन्तर | √ | √ | एकद्वार संकट व्यवस्थापन केन्द्र र अल्पकालिन आश्रय स्थल संचालन अभिलेख |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| १९ | विधालयको गुनासो व्यवस्थापन समितिका पदाधिकारीहरुलाई गुनासो व्यवस्थापन र सिफारीस प्रणालि सम्बन्धी क्षमता विकास | शिक्षक तथा लैससास सम्पर्क व्यक्ति | नगरपालिका | | | निरन्तर | √ | √ | गुनासो व्यवस्थापन, घटना सिफारीसको अभिलेख |
| २० | स्थानिय रेडियो, एफ.एम., छापा संग सहकार्य गरी लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक कुरीति उन्मुलन गर्न सामाजिक सचेतनामुलक कार्यक्रम संचालन | सबै | नगरपालिका | | | निरन्तर | √ | √ | रेडियो जीङ्गल |
| २१ | बालमैत्री नगर घोषणाका लागि कार्ययोजना निर्माण र अभियान संचालन | सबै बालबालिका | नगरपालिका | | | २- निरन्तर | √ | √ | बालमैत्री नगरका सूचकहरु |
| २२ | बालमैत्री नगर घोषणा | सबै बालबालिका | नगरपालिका | | | ५ | √ | √ | बाल मैत्री नगर |
| २३ | हिंसामुक्त नगरपालिका निर्माणका लागि सचेतनामूलक अभियान संचालन | सबै महिला तथा बालबालिका | नगरपालिका | | | निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| २४ | सामुदायिक मनोसामाजिक परामर्शकर्ता तालिम तथा परिचालन | मनोसामाजिक परामर्शकर्ता | नगरपालिका | | | निरन्तर | √ | √ | मनोसामाजिक परामर्शकर्ताहरुको अभिलेख |
| २५ | रूपान्तरण प्रशिक्षक प्रशिक्षण तालिम | सबै | नगरपालिका | | | निरन्तर | √ | √ | तालिम पूर्व र तालिम पश्चातको मुल्याकंन |
| २६ | किशोर किशोरी र अभिभावकका लागि रुपान्तरण कक्षा संचालन | किशोर किशोरी र अभिभावक | नगरपालिका/ वडा | | | निरन्तर | √ | √ | तालिम पूर्व र तालिम पश्चातको मुल्याकंन |
| २७ | सामाजिक सुरक्षासंग सम्बन्धित सरोकारवालाहरुलाई अभिमूखीकरण | सबै | नगरपालिका | | | १-निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| **लैंससास रणनीतिको उदेश्य ३: लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु ।** | | | | | | | | | |
| १ | निशुल्क Cancer Screening शिविर संचालन । | महिला तथा | नगरपालिका | | | निरन्तर | √ | √ | शिविर संचालनको |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | | किशोरीहरु | | | | | | | प्रतिबेदन |
| २ | अपाङ्गता परिचय पत्र वितरण शिविर संचालन | अपाङ्गता भएका व्यक्ति | नगरपालिका | | | निरन्तर | √ | √ | परिचयपत्र वितरको अभिलेख |
| ३ | वडा/टोल स्तरीय लैससास अभिमूखिकरण | सबै | वडा | | | २- निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| ४ | आवधिक योजनामा लैससास मैत्री प्रावधानको संशोधन | लक्षित वर्ग | नगरपालिका | | | २ | √ | √ | संशोधित आवधिक योजना |
| ५ | बालबालिकाको स्थिती प्रतिवेदन प्रकाशन र वितरण | बालबालिकाहरु | नगरपालिका | | | २- निरन्तर | √ | √ | स्थिती पत्र |
| ६ | नगरपालिकाको लैङ्गिक उत्तरदायी बजेट संकेत (GRB) | लक्षित वर्ग | नगरपालिका | GRB कोडिङ दिग्दर्शन | | २- निरन्तर | √ | √ | GRB coding को विश्लेषण प्रतिवेदन |
| ७ | लैङ्गिक उत्तरदायी बजेट कोडिङ र लैससास परिक्षण सम्बन्धी क्षमता विकास | जनप्रतिनिधी तथा कर्मचारी | नगरपालिका | | | २- निरन्तर | √ | √ | नियमीत लैससास परिक्षण |
| ८ | नगरपालिका र वडा स्तरीय लैससास संपर्क व्यक्ति छनौट, क्षमता विकास र परिचालन | लैससास संपर्क व्यक्ति/ समिति | नगर र वडा | | | निरन्तर | √ | √ | लैससास संपर्क व्यक्तिको अभिलेख |
| ९ | महिला जनप्रतिनिधिको लागि नेतृत्व विकास तालिम | महिला जनप्रतिनिधि | नगरपालिका | | | २- निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| १० | वार्षिक योजना तर्जुमा पूर्व तयारीका लागि लक्षित वर्ग छलफल | लक्षित वर्ग | नगरपालिका | | | निरन्तर | √ | √ | योजनामा लक्षित वर्ग |
| ११ | समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन सम्बन्धी क्षमता विकास। | लक्षित वर्ग | नगरपालिका | | | २- निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| १२ | नगरपालिकामा खण्डिकृत तथ्याङ्क संकलन र विद्यूतीय | तथ्याङ्क शाखा | नगरपालिका | | | १ | √ | √ | खण्डीकृत तथ्याङ्क |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | प्रणाली मार्फत तथ्याङ्कको अद्यावधीकरण | | | | | | | | |
| १३ | नगरपालिकामा निर्माण भएका लैससाससंग सम्बन्धित नीति, कार्यविधि, कानून, रणनीति तथा निर्देशिकाहरुको अध्ययन तथा नक्सांकन प्रतिवेदन | सरोकारवाला सबै | विधायन समिति | | | १ | √ | √ | प्रतिवेदन |
| १४ | बाल मनोविज्ञ र समाजसेवी सूचिकरण | बालबालिका | नगरपालिका | | | निरन्तर | √ | √ | सूचिकृत बालमनोविज्ञ र समाजसेवी |
| १५ | बाल संरक्षण सुचना प्रणाली र बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको स्थापना र संचालन। | बालबालिका | नगरपालिका | | | १- निरन्तर | √ | √ | सूचना प्रणाली |
| १६ | लैङ्गिक हिंसा प्रतिकार्यका लागि विद्यालय नर्स, शिक्षक, स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाई आधारभुत तालिम | सेवा प्रदायक | स्वास्थ्य शाखा | | | निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्याकंन |
| १७ | आवधिक योजनामा सामाजिक सुरक्षा सम्बन्धी सवालहरुको मूलप्रवाहीकरण कार्यशाला गोष्ठी | सबै | नगरपालिका | | | २ | √ | √ | संशोधित आवधिक योजना |
| १८ | जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतामा आधारित सहयोग (शिक्षा, स्वास्थ्य, सीप तथा व्यवसाय प्रवर्धन) | बालबालिका | नगरपालिका | | | निरन्तर | √ | √ | जोखीममा परेका बालबालिकाको तथ्याकं र प्राप्त सहयोगको अभिलेख |
| १९ | लैससास सूचना व्यवस्थापन तथा अनुगमन प्रणालीको स्थापना र संचालन | लक्षित वर्ग | महिला बालबालिका शाखा | | | १-निरन्तर | √ | √ | सुचना व्यवस्थापन तथा अनुगमन प्रणाली |
| २० | विपद संवेदनशील एवं समावेशीमुलक सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण | लक्षित समुदाय | नगरपालिका | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| २१ | विपद जोखिम न्यूनिकरणका लागि लैससास उत्तरदायी विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य सम्वन्धी क्षमता विकास तालिम | लक्षित समुदाय | नगरपालिका | | | १- निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| **लैंससास रणनीतिको उदेश्य ४: महिला तथा लक्षित वर्गको आर्थिक सशक्तीकरण** | | | | | | | | | |
| १ | समान कामको समान ज्याला, श्रम विवाद, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सचेतना | महिला | नगरपालिका | | | २- निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| २ | महिला तथा लक्षित वर्गका लागि औपचारिक क्षेत्रमा सीप तथा रोजगारी प्रवर्धन | महिला तथा लक्षित वर्ग | रोजगार /उद्यम विकास शाखा | | | निरन्तर | √ | √ | औपचारिक क्षेत्रमा रोजगारी प्राप्त लक्षित वर्गको अभिलेख |
| ३ | लक्षित वर्ग, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिलालाई लोकसेवा आयोगको निःशुल्क तयारी कक्षा संचालन | महिला/लक्षित | नगरपालिका | | | निरन्तर | √ | √ | तयारी कक्षामा सहभागीको अभिलेख |
| ४ | महिला तथा लक्षित वर्गका लागि व्यवसायिक तालिम छात्रबृति | महिला | नगरपालिका | | | निरन्तर | √ | √ | छात्रवृति प्राप्त गर्नेको संख्या |
| ५ | महिला जनप्रतिनीधिहरुका लागि योजना निर्माण सम्बन्धी क्षमता विकास तालिम | महिला जनप्रतिनीधि | नगरपालिका | | | निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| ६ | महिलाहरुद्वारा प्रवर्धन गरिएका सहकारीहरुको क्षमता विकास तथा सहयोग | सहकारीका महिला | नगरपालिका | | | निरन्तर | √ | √ | सहकारीहरुको अभिलेख |
| ७ | महिला उद्यमीहरूका लागि उद्यम स्थापना तथा कर छुट अनुदान सहायता | उद्यमी महिला | नगरपालिका | | | निरन्तर | √ | √ | कर छुट प्राप्त गरेका महिला उद्यमीहरुको अभिलेख |
| ८ | वित्तीय साक्षरता सामुदायिक कक्षा संचालन | लक्षित वर्ग | सहकारी शाखा | | | निरन्तर | √ | √ | सहभागीहरुको |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | | | | | | | | | उपस्थिति रजिष्टर |
| ९ | स्थानीय उत्पादन बजारिकरण तथा विक्रीकेन्द्र स्थापना र संचालन | उत्पादनकर्ता | नगरपालिका | | | २- निरन्तर | √ | √ | विक्री केन्द्र |
| १० | नगरपालिका स्तरीय उद्यम सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | उद्यमी | नगरपालिका | | | २- निरन्तर | √ | √ | उद्यमको रेकर्ड |
| ११ | महिला श्रम सहभागिता प्रोत्साहनका लागि स्याहार सेवा मोडेलहरु लागु गर्न सार्वजनिक तथा निजी साझेदारी प्रवर्धन सचेतना | महिला | नगरपालिका | | | १- निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| १२ | व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थापन | उद्यमी महिला | नगरपालिका | | | निरन्तर | √ | √ | विमितहरुको अभिलेख |
| १३ | महिला तथा लक्षित वर्गलाई उद्यमशिलता तथा व्यवसाय संचालनका लागि अनुदानको व्यवस्था | महिला | उद्योग शाखा | | | निरन्तर | √ | √ | अनुदान लिएकाहरुको अभिलेख |
| १४ | स्याहार श्रमिकको मर्यादित कामको सवालमा अन्तरक्रिया | स्याहार श्रमिकहरु | महिला बालबालिका शाखा | | | १- निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| १५ | अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई (महिला तथा पछाडि पारीएको वर्ग) क्रमशः सामाजिक सुरक्षाको व्यवस्था | अनौपचारिक क्षेत्रका श्रमिकहरु | रोजगार शाखा | | | २-निरन्तर | √ | √ | सामाजिक सुरक्षामा समेटिएका श्रमिकहरुको अभिलेख |
| १६ | महिलाहरुको अनौपचारीक क्षेत्रको घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाई औपचारीक क्षेत्रमा उन्मुख गराउन प्रविधको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम | अनौपचारिक क्षेत्रका श्रमिकहरु | रोजगार शाखा | | | २-निरन्तर | √ | √ | औपचारीक क्षेत्रमा रोजगारी प्राप्त महिलाको अभिलेख |

| क्र. स. | क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (०८१/०८२-२०८६/८७) वर्ष १-५ | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| | संचालन | | | | | | | | |
| १७ | महिला उधमशिलता सहजिकरण केन्द्रको स्थापना तथा संचालन | महिला | उद्योग शाखा | | | निरन्तर | √ | √ | सहजिकरण केन्द्र |